## हेटौंडा उपमहानगरपालिकाको २१ औं नगरपरिषद् समक्ष प्रमुख एवं कार्यकारी अधिकृत श्री सुदेव कुमार पोखरेलबाट प्रस्तुत आ.व.२०७२।०७३ को लागि संशोधन र आ.व.२०७३।०७४ को कार्यक्रम तथा बजेट

यस हेटौडा उपमहानगरपालिकाको २१ औं प्रथम नगर परिषद तथा आ.व.२०७३।०७४ को नीति, कार्यक्रम तथा आय व्ययको अनुमान सार्वजनिकिकरण कार्यक्रमका

प्रमुख अतिथि माननीय उपप्रधान, परराष्ट्र एवं संघीय मामिला तथा स्थानीय बिकास मन्त्रीज्यू,

बिशिष्ट अतिथि माननीय संसद सदस्यज्यूहरु,

बिशिष्ट अतिथि श्रीमान क्षेत्रीय प्रशासक ज्यू

विशेष अतिथि श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू

विशेष अतिथि नेपाल नगरपालिका संघका अध्यक्षज्यू,

विशेष अतिथि स्थानीय बिकास अधिकारीज्यू

जिल्ला स्थित क्रियाशील राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

आमन्त्रित विभिन्न कार्यालय प्रमुखज्यूहरु, सरकारी तथा गैर सरकारी निकाय एवं संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी मित्र एवं उपस्थित महानुभावहरु,

यस हेटौडा उपमहानगरपालिकाको २१ औं प्रथम नगर परिषदबाट स्विकृत चालु आ.व.२०७२।०७३ को संसोधित र आगामी आ.व.२०७३।०७४ को आय व्यय अनुमान, नीति तथा कार्यक्रम सार्वजनिक कार्यक्रममा सर्वप्रथम नेपाल राष्ट्रको स्थापना, निर्माण, प्रजातन्त्र, लोकतन्त्र हुदै संघीय गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । यसै गरी गत वैशाख १२ र २९ गतेको बिनासकारी महाभुकम्पमा परी जीवन गुमाउने सम्पूर्ण दिवंगत आत्माको चीरशान्ती तथा घाइतेजनको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

हामी नेपालीहरुको लामो धैर्यता, त्याग तथा वलिदान पश्चात गत असोज ३ गते हामी नेपाली जनताहरुले नेपालको संविधान प्राप्त गर्न सफल भएका छौ, यस अवसरमा म उपमहनगरपालिकाको तर्फबाट सम्पूर्ण नगरवासीहरुमा वधाई ज्ञापन गर्न चाहन्छु साथै संविधानको घोषणा पश्चात देशको दक्षिणी सिमा नाका देखिएको असहजताको कारण हालका दिनमा देशवासीहरुले दैनिक जीवन यापन तथा सार्वजनिक आवागमनमा भोग्नु परिरहको दुख कष्टको पनि सिघ्र अन्त्यको कामना गर्दछु । यस अवसरमा वृहत्तर हेटौडाको परिकल्पना अनुसार बिबिध चुनौतीसंगै अपार अवसर सहित क्षेत्र बिस्तार र उपमहानगरपालिका तहको स्तरवृद्धि सम्मको यात्रामा सहयोग गर्नु हुने सम्पूर्ण राजनीतिक दल, पेशागत एवं सामाजिक संघसंस्था, नागरिक समाज, संचारकर्मी सहित सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आजको यस गरिमामय सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएका प्रमुख अतिथि, बिशिष्ट अतिथि, बिशेष अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा हेटौडा उपमहानगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**आदरणीय महानुभावहरु,**

स्थानीय निकायहरुमा लामो समयदेखि जनप्रतिनिधि विहिनताको अवस्था वीच क्षेत्र बिस्तार र उपमहानगरपालिका तहमा स्तरोन्नति भएको वर्तमान परिवेसमा उपलव्ध सीमित श्रोत साधनहरुको अधिकतम परिचालन गरी वढ्दो शहरीकरण तथा जनताको असीमित माग सम्वोधन गर्न सिंगो उपमहानगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहांहरु समक्ष जानकारी गराउन चाहन्छु । महाभूकम्प पछिको असहज अवस्था वीचबाट नयां संविधानको घोषणासंगै नेपाली जनतामाझ संचार भएको बिकासप्रतिको उत्साह संविधान घोषणा संगसंगै सृजना भएको असहज परिस्थितिमा पनि नीतिगत निर्णय र विकास निर्माणको सन्दर्भमा उत्पन्न हुने कठीन चुनौतिहरु सहज रुपमा व्यवस्थापन गर्न जिल्लामा क्रियाशील सम्पूर्ण राजनैतिक दलहरुबाट प्राप्त निरन्तर सहयोग र समन्वयकारी भूमिका महत्वपूर्ण हुंदाहुदै पनि वृहत्तर हेटौडाको वढ्दो चुनौति एवं संभावनालाई व्यवस्थापन गर्न राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकाय, गैरसरकारी निकाय, बिशिष्ट पेशाविदहरु, वुद्धिजीवि, उद्योगी, व्यवसायी, लगानीकर्ता, प्रवुद्ध वर्ग, संचारजगत एवं नागरिक समाज सहितका सरोकारपक्षहरुको सहभागिता रहने गरी एक उच्चस्तरीय **वृहत्तर हेटौडा बिकास परिषद गठन** गरी जिम्मेवारी सहित संस्थागत बनाउनु पर्ने सम्वन्धमा विगत वर्षहरु देखि नगरपालिकाले उठाउदै आएको मुद्दाले पूर्णता पाउनु पर्ने आवश्यकता थप उजागर भएको व्यहोरा यस सम्मानित सभामा पुनः स्मरण गराउन चाहन्छु ।

देशले सामना गर्नु परिरहेको असहज परिस्थितिका बावजुद आजको यस गरिमामय सभा समक्ष हेटौडा उपमहानगरपालिकाको तर्फबाट चालु आ.व.२०७२।०७३ को संशोधित तथा आगामी आ.व.२०७३।०७४ को वार्षिक नीति तथा कार्यक्रम तथा आय व्यय अनुमान प्रस्तुत गर्न पाउदा म कार्यकारी अधिकृत लगायत राजनीतिकदल सहित सिंगो हेटौडा उपमहानगरपालिका परिवारलाई गौरवान्वित महसुस भएको छ । यस अवसरमा सम्पूर्ण हेटौडावासीमा उपमहानगरपालिकाको तर्फबाट हार्दिक वधाइ तथा शुभकामना व्यक्त गर्दछु ।

**आदरणीय महानुभावहरु,**

नगरपालिका स्थापना भएको करीव ४ दशक पछि वृहत्तर हेटौडाको परिकल्पना सहित औद्योगिक बिकास, शिक्षा बिकास र आवास क्षेत्रलाई समग्र आर्थिक बिकासको अग्रणी क्षेत्र स्विकार गरी तर्जुमा गरिएको **"स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक नगर"** को लक्ष्य सहितको २० बर्षे रणनीतिक योजना र हेटौडा नगरको पहिलो ५ बर्षे आवधिक योजना (२०६९।०७० देखि २०७३।०७४) ले आत्मसात गरेको बहुक्षेत्रगत लगानी Multi Sector Investment Plan MSIP अवधारणा अनुसार योजना तथा कार्यक्रमहरुलाई रणनीतिक, क्षेत्रगत र वडातह गरी तीन वर्गमा बिभाजन गरी साविकका ११ वडाहरुलाई पनि क, ख र ग वर्गमा बिभाजन गरी सोही अनुसार बजेट बिनियोजन गरि आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन हुदै आएकोमा पदमपोखरी, चुरीयामाई, हटिया र हर्नामाडी र वसामाडी गा.वि.स.हरु समायोजन गरी उपमहानगरपालिका घोषणा भइसकेको तर नगरपालिकाको आवधिक योजनाले साविकको हेटौडालाई सम्वोधन गरेको अवस्थालाई मध्यनजर गरी हाललाई तदर्थ व्यवस्था अन्तर्गत जनसंख्यालाई आधार बनाई प्रति वडा क्रमशः १५, २० र २५ लाखको वडागत बजेट सिमा निर्धारण गरी वडाभेलाबाट भएको प्राथमिकताको आधारमा आयोजना तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

हेटौडा नगरपालिकाको पहिलो आवधिक योजना (२०६९।०७० देखि २०७३।०७४) ले आसपासका शहरोन्मुख गा.वि.स.क्षेत्रमा भइरहेको अव्यवस्थित शहरीकरणलाई **बृहत्तर हेटौंडा** (Greater Hetauda) को अवधारणा बमोजिम स्थानीय तहमा बिद्यमान अवसर तथा चुनौतीहरुलाई एकिकृत शहरी बिकासको माध्यमबाट सम्वोधन गरी वातावरणीय तथा आवासीय दृष्टिकोणबाट **स्वच्छ,** उद्यमशीलता र शैक्षिक बिकासको दृष्टिकोणबाट **सृजनशील** र उत्पादन तथा व्यवसायको दृष्टिकोणबाट **सम्बृद्ध औद्योगिक उपमहानगर** बनाउने पहिलो पांच वर्षको लक्ष्य तीन बर्षमा नै पूरा भएको छ । यसले स्वभाविक रुपमा केही चुनौतीका साथै पर्याप्त अवसरहरुको ढोका पनि खोलिदिएको छ । नगरपालिकाको क्षेत्र बिस्तार र उपमहानगरपालिका तहमा स्तरवृद्धि २०७१ सालमा भएतापनि बजेट, नीति तथा कार्यक्रमको दृष्टिकोणबाट चालु आ.व.देखि अर्थात २०७२ श्रावण देखि मात्र एकिकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा आएको छ । यस तथ्यलाई मध्यनजर गरी हेटौडा उपमहानगरपालिकाको हैसियतमा आगामी आ.व.का लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा विगत बर्षमा घोषित बृहत्तर हेटौंडाको अवधारणा अनुरुप स्वच्छ सफा र सुरक्षित शहरका लागि आधारभूत तथा रणनीतिक पूर्वाधारहरुको योजनाबद्ध बिकास, त्यसको लागि आन्तरिक तथा वाह्य श्रोत परिचालन, सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत निजी श्रोत परिचालन, औद्योगिक तथा उद्यम बिकास, महिला, वालवालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएका वर्ग जस्ता लक्षित क्षेत्रको समावेसी विकास, आर्थिक बिकासका लागि शीप तथा आयमूलक गतिविधिहरुको माध्यमबाट रोजगारी सृजना, गरीवी न्युनिकरण, सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिबृद्धि गर्ने जस्ता क्षेत्रहरुलाई नै निरन्तरता सहित प्राथमिकतामा राखिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु**

अव म चालु आ.व.२०७२।०७३ को स्विकृत आय व्यय अनुमान र संसोधित अनुमान संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । गत २०७१ पौष २५ गते सम्पन्न २० औं नगरपरिषदबाट चालु आ.व.२०७२।०७३ का लागि आन्तरिक आय तर्फ रु.१३ करोड ३८ लाख ९० हजार र बाह्य आय तर्फ रु १४ करोड ९८ लाख ११ हजार र रु.१० करोड न्युन बजेट सहित जम्मा रु.३८ करोड २८ लाख १ हजार वरावरको आय व्यय स्विकृत गरिएको थियो ।

यसै वीच गत बैशाखमा गएको महाभुकम्प र त्यसबाट यस मकवानपुर जिल्ला तथा नगरक्षेत्रमा भएको धनजनको क्षति सम्बन्धी विवरण संकलन, उद्धार, राहत तथा पुनस्थापना सम्बन्धी काममा नेपाल सरकारको नीति अनुसार नगरपालकाको श्रोतसाधन परिचालन गर्नु परेको अवस्था आदिका कारण गत आ.व.को अन्तिम चौमासिक अवधिमा नियमित बिकास निर्माणका काममा पर्न गएको गतिरोध, सो को असर चालु आ.व.२०७२।०७३ मा समेत पर्न गएको र यसै विच तराई लगायत सिमानाकाको अवरोधका कारण उत्पन्न भएको सृजना भएको असहज परिस्थितिले एकातिर नगरपालिकाको आन्तरिक आयमा दिन प्रतिदिन गिरावट आइरहेको छ भने निर्माण सामाग्रीको अभाव तथा भइरहेको मूल्य वृद्धिका कारण चालु तथा पूजिगत खर्च व्यवस्थापनमा पर्न गएको दवावलाई सम्वोधन गर्न करीव ११ करोड ५३ लाख न्युन आय सहित करीव ५१ करोडको ठूलो आकारको बजेट बनाउनु पर्ने वाध्यात्मक अवस्था सृजना भएको छ । यसर्थ चालु आ.व.का लागि स्विकृत रु.१३ करोड ३८ लाख ९० हजारको आन्तरिक आय अनुमानलाई संसोधन गरी

कूल ११ करोड ३१ लाख ५ हजारको संसोधित अनुमान प्रस्ताव गरेको छु । यसै गरी बाहय आय तर्फ रु १४ करोड ८९ लाख ११ हजार अनुमान गरिएकोमा रु.२८ करोड २७ लाख ७६ हजार र न्युन आय रु.११ करोड ५३ लाख ६५ हजार सहित कूल ***रु ५१ करोड १२ लाख ४६ हजार*** को संसोधित आय व्यय अनुमान प्रस्ताव गरेको छु ।

यसै गरी बिस्तारित हेटौडा र हालको उपमहानगरपालिका स्तरको सेवा एवं कार्यालय व्यवस्थापनका लागि गत बर्ष स्विकृत चालु खर्च रु ७ करोड ७३ लाख ४८ हजारमा करीव ६.१९ प्रतिशत वृद्धि सहित रु.८ करोड २१ लख ३७ हजार र पूंजीगत एवं कार्यक्रम खर्च तर्फ रु. ४० करोड ९१ लाख ९ हजारको संसोधित खर्च बिनियोजन गरिएको छ । उपरोक्त आय व्यय अनुमान वास्तविक आय अनुमानको तुलनामा करीव ११ करोड ५३ लाख ६५ हजार न्युन हुन आउछ जसलाई थप आन्तरिक आय तथा वाह्य आय परिचालन गरी पूर्ति गर्ने रणनीति प्रस्ताव गरिएको छ । यसरी हेर्दा चालु आ.व.को संसोधित आय व्यय अनुमान गत वर्ष स्विकृत आय अनुमान भन्दा करीव १२ करोड ८४ लाख ४५ हजारले वृद्धि देखिन्छ ।

यसरी चाालु आ.व.को आय व्यय अनुमानमा ठूलो वृद्धि हुनुमा गत बैशाखमा गएको महाभुकम्पकबाट उपमहानगरपालिका क्षेत्रभित्र भएको क्षेति र नेपाल सरकारबाट पिडित घरपरिवारका लागि अस्थायी आवास निर्माणका लागि उपलव्ध गराएको रु.३ हजार र रु.१५ हजारको कूल रु.३ करोड ३० लाख, भुकम्प पिडित सामाजिक सुरक्षाभत्ता प्राप्त भएका व्यक्तिहरुलाई युनिसेफ नेपालबाट प्रतिव्यक्ति रु.३ हजारका दरले उपलव्ध गराएको रु.२ करोड ५४ लाख र सामाजिक सुरक्षा भत्तावापतको रकम नै मूल कारणको रुपमा रहेका छ । यस्ता शिर्षकमा प्राप्त हुने रकम नगरपालिका मार्फत परिचालन सम्म हुने भएकोले यसले नगरपालिकाको आय व्यय हिसावमा समावेस भएतापनि स्विकृत वार्षिक नगर बिकास योजना, कार्यक्रम र आयोजनाहरुमा कुनै योगदान पुग्न नसक्ने तर नगरपालिकाको प्रशासनिक तथा व्यवस्थापन खर्चमा दवाव पुग्न गएको समेत जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु**

आगामी आ.व.२०७३।०७४ को आय व्यय अनुमान प्रस्तुत गर्नु भन्दा अघि गत आ.व.२०७१।०७२ र चालु आ.व.२०७२।०७३ को प्रथम चौमासिक अवधिमा भएका उल्लेखनीय उपलव्धीहरुका वारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक ठान्दछु । यस अवधीमा भौतिक पूर्वाधार निर्माण तथा सुधार तर्फ कान्तिलोकपथको बुद्धचोक देखि पारिजातपथचोक खण्डमा डिभाइडरमा हरियाली प्रर्वद्धन, कान्तिलोकपथकै पारिजातचोक देखि भैरवरोडचोक सम्म दुवै तर्फ फुटपाथ पेटी सहित चौडाई बिस्तार सहित स्तरोन्नति गर्ने काम सम्पन्न भएको छ । । सौय उर्जामा आधारित सडकबत्ति प्रर्वद्धन कार्यक्रम अन्तर्गत दोश्रो चरणमा स्कूलरोड, पारिजातपथ, टि.सी.एन.रोड जस्ता मूल्य व्यापारिक क्षेत्रमा थप ५० वटा सडकबत्ति जडान गर्ने कार्य सम्पन्न भएको छ । यसै गरी मालपोतरोड स्तरोन्नति, मकवानपुर वहुमुखी क्याम्पस देखि मानसचोक सम्म हरियाली प्रर्वद्धन सहितको सडकपेटी निर्माण, कान्तिलोकपथको पारिजातपथचोक देखि भैरवरोडचोक खण्ड स्तरवृद्धि, वाइपास सडक अन्तर्गत भुटनदेवी वाइपास देखि टि.सी.एन.रोडचोक सम्म फुटपाथ सहित स्तरवृद्धि, राममन्दिर चोक देखि सोलिडारिटी स्कूलचोक खण्डमा कंक्रिट ढलान, पारिजातपथ सितलमहलचोक देखि थाहाचोक खण्डमा फुटपाथ सहित स्तरवृद्धि, चक्रपथ अन्तर्गत कमाने खण्डको स्तरवृद्धि जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन । यसै गर सडक मर्मत तथा स्तरोन्नति अन्तर्गत वडा नं.६ पुतली बजार देखि गौरीटार हुदै औद्योगिक क्षेत्र सम्म चक्रपथ खण्ड, वडा नं. १० वासुदेवमार्ग, वडा नं.५ को भैरवरोड वांकी खण्ड र रत्नकाली लक्ष्मीमन्दिर खण्ड र वडा नं.११ को शहिदस्मारक सडक खण्ड मर्मत तथा स्तरवृद्धि गर्ने काम सम्पन्न हुने क्रममा रहेको छ ।

यसै गरी नेपाल नगरपालिका संघको संयोजनमा ICLEI South Asia को प्राविधिक तथा युरोपियन युनियनको बित्तीय सहयोगमा दक्षिण यशियाका ७ वटा साना ठूला शहरहरुमा फोहरलाई सून्य अवस्थामा पुऱ्याउने उद्देश्यका साथ नमुना परियोजनाको रुपमा कार्यान्वयनमा आएको SUNYA:Towards Zero Waste in South Asia Project का लागि नगरपालिकाले कार्यान्वयनमा ल्याएको **हाम्रो हेटौडा सफा हेटौडा कार्यक्रम** अन्तर्गत वडा नं.२ को करीव १३ सय घरधुरी र वडा नं.३ को ४५० घरधुरीमा परिक्षण गरिएको जैविक फोहरका लागि हरियो रंगको डष्टविन (Green Channel) अजैविक फोहरका लागि निलो डष्टविन (Blue Channel) र मेडिकल तथा अस्पतालहरबाट निस्कने खतराजन्य फोहरका लागि रातो डष्टविन (Red Channel) मार्फत फोहरको श्रोतमा वर्गिकरण सहितको संकलन अभियान ९५ प्रतिशत सफल भएको छ । यो अभियान मार्फत जैविक फोहरलाई श्रोतमा नै वर्गिकरण गर्दा हरितगृह ग्यास उत्सर्जनमा कमी आएको र जलवायु परिवर्तनमा सकारात्मक प्रभाव दिन सफल भएको साथै नगरवासीहरुको सोच तथा व्यवहारमा रुपान्तरण ल्याउन सफल भएको मूल्यांकन सहित हालै फ्रान्सको राजधानी पेरिसमा सम्पन्न Cope 21 का लागि बिश्वबाट छनोट गरिने १०० उत्कृष्ट अभियानमा पर्न सफल भएको मूल्यांकन सहित जलवायु परिवर्तन सम्बन्धी बिश्व सम्मेलनको प्रर्दशनीकक्षमा हेटौडा उपमहानगरको पहिचान लोगो सहित प्रदशनमा रहन सफल हुनुलाई हाम्रो हेटौडा अनि हेटौडावासीको लागि अन्तराष्ट्रिय गौरव मान्न सकिन्छ । यसर्थ यो अभियानलाई चालु आ.व.मा वडा नं.४ को ३५ सय घरधुरी र वडा नं. ६ को चौघडा, वडा नं.११ को नवलपुर, वडा नं.१४ को पदमपोखरी, वडा नं.१७ को रातोमाटे, वडा नं.२९ को वस्तीपुर जस्ता बजार केन्द्रहरुमा बिस्तार गर्ने कार्यक्रम रहेको जानकारी गराउन चाहन्छु ।

हेटौडा नगरको वृहत शहरी बिकास योजना तर्जुमा गर्ने प्रयोजनका लागि LGCDP अन्तर्गत सशर्त पूंजिगत अनुदान प्राप्त भएकोले **"स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक नगर"** को लक्ष्य सहितको २० बर्षे रणनीतिक योजना र साविक हेटौडा नगरको पहिलो ५ बर्षे आवधिक योजना (२०६९।०७० देखि २०७३।०७४) को मध्यावधि समिक्षा गरी वालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, जेष्ठनागरिकमैत्री, अल्पसंख्यक यौनिक विशेषता भएका समुदायमैत्री, पूर्णसाक्षर एवं पूर्ण साक्षर र पूर्ण सरसफाइयुक्त, बिकृति बिसंगति र दुव्यशनमुक्त, सडक मानवमुक्त, वालश्रममुक्त, सवैखाले सामाजिक बिभेदमुक्त, सामाजिक न्यायसंग सन्तुलित, आर्थिक, सामाजिक एवं भौतिक बिकासका माध्यमबाट उत्कृष्ट आवासीय एवं मानवीयताको शहर अवधारणा अनुरुपको भावना समेटिने गरी हालको विस्तारित क्षेत्रको भूसूचना प्रणाली अनुसारको नक्सांकन सहित आवधिक योजनालाई अद्यावधि गर्ने प्रस्ताव गरेको छु । यसै गरी हेटौडा नगरको भू उपयोग गुरुयोजना, नगर यातायात गुरुयोजनामा विस्तारित क्षेत्र सहित वसामाडीलाई समेट्ने गरी अद्यावधी गर्ने, नगरको वस्तुस्थिति विवरण City Profile निर्माण, एकिकृत खानेपानी तथा सरसफाई WASH योजना तर्जुमा, वृहत चक्रपथको विस्तृत परियोजना DPR निर्माण, चुरीयमामाई वडा नं.१७ रातोमोटे क्षेत्रमा अटो भिलेज स्थापनाको लागी संभाव्यता अध्ययन लगायतका कार्यक्रमहरु चालु आ.व.भित्र नै सम्पन्न गर्ने गरी कार्यक्रम संसोधन गरेको छु ।

**आदरणीय महानुभावहरु**

आगामी आ.व.२०७३।०७४ को आय व्यय अनुमान गर्दा बिशेषत आन्तरिक आय अनुमान गर्दा बिस्तारित क्षेत्रको श्रोत साधनको परिचालनको अवस्था र वाह्य आय अनुमान गर्दा उपमहानगरपालिकाको हैसियतमा नेपाल सरकारबाट प्राप्त हुने चालु तथा पूजिगत अनुदात समेतको बिश्लेषणलाई आधार मानी आय व्यय अनुमान प्रस्ताव गरिएको छ । जस अनुसार आन्तरिक आय तर्फ रु. १२ करोड ६१ लाख १० हजार र बाहय आय तर्फ रु.२१ करोड ५ लाख १४ हजार कूल रु.४३ करोड ३६ लाख २४ हजारको आय अनुमान प्रस्तुत गरेको छु जुन यर्थाथ आय अनुमानको तुलनामा रु.९ करोड ७० न्युन रहने देखिन्छ । यसै गरी व्यय तर्फ चालु खर्च रु ८ करोड ७९ लाख ५५ हजार र पूजीगत एवं कार्यक्रम खर्च तर्फ रु ३४ करोड ५६ लाख ६९ हजार बिनियोजन गरेको छु । यसरी न्युन हुने बजेट थप आन्तरिक श्रोत परिचालन, अन्तर मन्त्रालय एवं बिकास साझेदारहरु तथा निजी क्षेत्रसंगको साझेदारी प्रर्वद्धन गरी पूरा गर्ने लक्ष्य राखिएको छ । यस कार्यमा सवै नगरवासी, राजनीतिक दल एवं सरकारी तथा गैरसरकारी निकायबाट प्रयाप्त सहयोग र समन्वय हुने आशा एवं बिश्वास लिएको छु ।

आगामी बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारको चालु त्रिवर्षीय योजना, शहरी बिकास नीति, सरकारको तर्फबाट समय समयमा जारी नीतिगत मार्गनिर्देशन, जिल्ला आवधिक योजना तथा **वृहत्तर हेटौडा**को अवधारणा सहितको आवधिक योजनाले परिकल्पना गरेको **वातावरणीय तथा आवासीय दृष्टिकोणबाट स्वच्छ, शैक्षिक बिकासको दृष्टिकोणबाट सृजनशील र उद्यमशीलता र व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट सम्बृद्ध औद्योगिक नगरको दिर्घकालिन लक्ष्य** प्राप्तीका लागि नेपाल सरकारले कार्यान्वयनमा ल्याएको स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ तथा नगरपालिकाले सन्तुलित बिकासका लागि अगाडी सारिएको वडागत वर्गिकरणलाई आधार बनाई आन्तरिक तथा वाहृय श्रोत साधनको बिनियोजन र प्राथमिकता निर्धारण गर्ने कार्यलाई यथावत रुपमा निरन्तरता दिने प्रस्ताव गरिएको छ ।

**आदरणीय महानुभावहरु**

आगामी आ.व.२०७३।०७४ का लागि बिनियोजित रु.४३ करोड ३६ लाख २४ हजारका् खर्च मध्ये प्रशासनिक खर्च रु.८ करोड ७९ लाख ५५ खर्च कटाई वांकी रु.३४ करोड ५६ लाख ६९ हजारमा सशर्त पूंजिगत कार्यक्रम तर्फको कूल रु.२३ करोड ४५ लाख ७ हजार खर्च कटाइ वांकी हुन आउने रु. १० करोड ७८ लाख २७ हजार रकमलाई नेपाल सरकारबाट जारी भएको स्थानीय निकाय श्रोत परिचालन कार्यविधि २०६९ बमोजिम १०० प्रतिशत कायम गरी श्रोत वांडफांड गरिएको छ । जस अनुसार ६५ प्रतिशत अर्थात रु.७ करोड ८७ हजार नगरपालिकाको स्विकृत आवधिक योजना अनुसार क्षेत्रगत पूंजिगत लगानीको लागि प्रस्ताव गरेको छु । त्यसै गरी ३५ प्रतिशत अर्थात रु.३ करोड ७७ लाख ३९ हजार लक्षित क्षेत्रमा बिनियोजन गरिएको छ । जसमा महिला तर्फ १० प्रतिशत अर्थात रु.१ करोड ७ लाख ८२ हजार, वालवालिका तर्फ १० प्रतिशत अर्थात रु. १ करोड ७ लाख ८२ हजार, र आदीवासी, जनजाति, दलित, मधेशी, मुस्लिम, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, पिछडिएका वा पछाडी पारिएका वर्गका लागि १५ प्रतिशत अर्थात रु.१ करोड ६१ लाख ७४ हजार बिनियोजन गरिएको छ । यसरी लक्षित क्षेत्रमा बिनियोजन भएको बजेटलाई लक्षित क्षेत्र पूर्वाधार बिकासमा ६५ प्रतिशत, सामाजिक तथा आर्थिक बिकासमा १५ प्रतिशत, आर्थिक तथा शीप बिकासमा १५ प्रतिशत र संस्थागत बिकासमा ५ प्रतिशत बिनियोजन प्रस्ताव गरिएको छ । यसरी लक्षित क्षेत्र पूर्वाधार बिकासका लागि बिनियोजित रकम वस्तीस्तरीय योजना कार्यक्रम तर्फका भौतिक पूर्वाधार आयोजना तथा कार्यक्रम तर्फ सत प्रतिशत बजेट विनियोजनको प्रस्ताव गरिएको छ भने वांकी ३५ प्रतिशत रकम लक्षित क्षेत्रको आर्थिक, सामाजिक, शीप तथा क्षमता बिकास र संस्थागत बिकासमा बिनियोजन गरिएको छ ।

यसै गरी पूंजिगत लगानीका लागि बिनियोजित ६५ प्रतिशत रकम अर्थात रु.७ करोड ८७ हजार मध्ये ६५ प्रतिशत अर्थात रु.४ करोड ५५ लाख ५६ हजार क्षेत्रगत लगानी र ३५ प्रतिशत अर्थात रु.२ करोड ४५ लाख ३० हजार प्रवर्द्धनात्मक क्षेत्रमा खर्च गर्न प्रस्ताव गरेको छु । यसै गरी क्षेत्रगत लगानीका लागि बिनियोजित रु.४ करोड ४५ लाख ५६ हजार मध्ये रणनीतिक योजनाका लागि ५ प्रतिशत अर्थात रु.२२ लाख ७७ हजार, नगरस्तरीय योजनाका लागि ३० प्रतिशत अर्थात रु. १ करोड ३६ लाख ६७ हजार, वडा तथा वस्तीस्तरीय योजनाका लागि ६० प्रतिशत अर्थात रु.२ करोड ७३ लाख ३४ हजार र आकस्मिक कार्यक्रम तथा आयोजनाहरका लागि ५ प्रतिशत अर्थात रु.२२ लाख ७७ हजार रकम बिनियोजन प्रस्ताव गरिएको छ । यसै गरी प्रर्वद्धनात्मक क्षेत्रमा छुटिएको ३५ प्रतिशत अर्थात रु.२ करोड ४५ लाख ३० हजार रकम मध्येबाट ३० प्रतिशत अर्थात रु.७३ लाख ५९ हजार वडा तथा वस्तीस्तरीय आयोजना तथा कार्यक्रम तर्फ बिनियोजन गरिएको छ । यसै गरी लक्षित क्षेत्र अन्तर्गत पूर्वाधारका लागि छुटिएको ६५ प्रतिशत, प्रर्वद्धन क्षेत्रबाट ३० प्रतिशत र क्षेत्रगत लगानी तर्फको ६० प्रतिशत गरी कूल रु.५ करोड ८० लाख वडा तथा वस्तीस्तरीय साना आयोजना तथा कार्यक्रमहरुमा लगानी गर्ने प्रस्ताव गरिएको छ । यो लगानीबाट बिस्तारित गा.वि.स.क्षेत्रका वडा तथा समुदायस्तरका योजना तथा कार्यक्रमहरुका लागि न्युनतम ७५ लाख देखि अधिकतम १ करोडको हाराहारीमा लगानी हुनेछ भने यसबाट आयोजना तथा कार्यक्रमको छनौट र प्राथमिकिरण गर्ने काममा प्रत्यक्ष लाभान्वित वर्गको सहभागिताको अवसरको प्रत्याभूति हुने बिश्वास गरिएको छ ।

यसै गरी नगरस्तरीय योजना तथा कार्यक्रमका लागि बिनियोजित ३० प्रतिशत अर्थात रु. १ करोड ३६ लाख ६७ हजार मध्ये सन्तुलित बिकासको अवधारणा अनुसार भौतिक बिकास तर्फ ५० प्रतिशत अर्थात रु.६८ लाख ३३ हजार, आर्थिक बिकास तर्फ ५ प्रतिशत अर्थात रु ६ लाख ८३ हजार, वातावरण संरक्षण तथा सरसफाई तर्फ १५ प्रतिशत अर्थात रु २० लाख ५० हजार, जोखिम तथा विपद न्युनिकरण तथा व्यवस्थापन तर्फ ७.५ प्रतिशत अर्थात रु १० लाख २५ हजार, बित्तीय व्यवस्थापन तर्फ ७.५ प्रतिशत अर्थात रु १० लाख २५ हजार र संस्थागत बिकास तर्फ १५ प्रतिशत अर्थात रु २० लाख ५० हजार बजेट बिनियोजनको प्रस्ताव गरिएको छ ।

यसै गरी प्रर्वद्धनात्मक क्षेत्रका लागि छुटिएको कूल रकम मध्ये वांकी रहेको ७० प्रतिशत अर्थात रु.१ करोड ७१ लाख ७१ हजार मध्ये पारदर्शिता तथा सूचना प्रविधि प्रवर्द्धनका लागि १० प्रतिशत अर्थात रु १७ लाख १७ हजार, शिक्षा क्षेत्रको प्रर्वद्धनका लागि ३० प्रतिशत अर्थात रु ५१ लाख ५१ हजार, जनस्वास्थ्य प्रर्वद्धनका लागि १५ प्रतिशत अर्थात रु २५ लाख ७५ हजार, युवा तथा खेलकुद बिकासका लागि १० प्रतिशत अर्थात रु २५ लाख ७५ हजार, पर्यटन क्षेत्र बिकासका लागि १७.५ प्रतिशत अर्थात रु ३० लाख ५ हजार, साहित्य,कला, संस्कृति संरक्षणका लागि ५ प्रतिशत अर्थात रु ८ लाख ५८ हजार, अध्ययन अनुसन्धान र वैदेशिक सम्पर्क र समन्वयका लागि २.५ प्रतिशत अर्थात रु ४ लाख २९ हजार र अन्य प्रर्वद्धनात्मक कार्यक्रमका लागि १० प्रतिशत अर्थात रु १७ लाख १७ हजार बजेट बिनियोजन गर्ने प्रस्ताव गरिएको छ जसबाट सामाजिक क्षेत्रका प्राय सवै क्षेत्रको प्रर्वद्धनमा सकारात्मक प्रभाव पुग्ने अपेक्षा गरिएको छ ।

आगामी आ.व.२०७२।०७३ का लागि वडा तथा वस्तीयस्तरीय योजनाहरुको हकमा वडा भेलाबाट छनौट भई प्राथमिकिकरण भई आएका आयोजना तथा कार्यक्रमहरुलाई वडागत वजेट सिमाको आधारमा कार्यान्वयन सूचीकृति गरी कार्यान्वयनमा ल्याइनेछ भने वजेट सिमा भन्दा वाहिर रहेका आयोजना तथा कार्यक्रमहरुलाई वैकल्पिक सूचीको रुपमा सूचीकृत गरी श्रोत जुटेको खण्डमा कार्यान्वयन गर्ने नीति लिइएको छ । यसै गरी शसर्त पूजिगत अनुदान मध्येबाट स्कूलरोडको वासकलाचोक देखि पूर्वतर्फ भुटनदेवी स्कुलरोड हुदै पुष्पलाल पोखरीपार्क सम्मको सडकलाई फुटपाथपेटी र हरियाली सहित सडकस्तरोन्नती, भैरवरोड खण्डको मस्जिड सम्म फुटपाथ, हरियाली सहित सडक स्तरोन्नती जस्ता आयोजनाहरु कार्यान्वयनका लागि प्रस्ताव गरेको छु । यसै गरी सडक मर्मत सम्भार अन्तर्गत अड्डामार्ग स्तरवृद्धि, कमलडांडा सडक, स्वर्गलोकपथ, पुतलीबजार रंगशाखा गौरीटार फारलाइन सडक, सिमेन्ट उद्योग कुखुरेनीखोला सडक, कमलडांडामार्ग, दिव्यपथ, लक्ष्मी नि.मा.वि.देखि कर्राचोक मार्ग, वनस्पति उद्यान्न देखि पदमपोखरी सडक जस्ता आयोजना कार्यान्वयनमा ल्याइनेछ । यसै गरी जेगेडाकोष मातहत विस्तारित वडाहरु मध्ये अशोकवाटिका वालवोध उ.मा.वि.सडक हटिया खण्डको स्तरवृद्धि, पदमपोखरीको भोर्ले खानेपानी आयोजना, चुरियामाईको त्रिभुवन राजपथको माथिल्लो लचकादेखि पश्चिम ड्राइभर डांडा नारायणचोक नजिकको चुरे खहरेमा कजेवे निर्माण, हर्नामाडी सडक स्तरोन्नति, वस्तीपुर कुवापानी हुदै पन्ध्रसोला ज्यामिरे सडक स्तरवृद्धि जस्ता ठूला आयोजना कार्यान्वयनमा ल्याइनेछ । नगरस्तरीय आयोना तथा कार्यक्रमहरुमा शिखरमार्ग, देवीपथमा फुटपाथपेटी, बिजयपथ वडा नं.६, स्मारकरोड एवं डाङ्गडुङ्गे मोड सुधार, बिन्ध्यवासीनीमार्ग कमाने, राप्तीपुल भैरवडांडा सडक, रुद्रेश्वर सडक र हटिया चिसापानी क्षेत्रमा एकिकृत जग्गा बिकास कार्यक्रम कार्यान्वयनको प्रस्ताव गरेको छु ।

रणनीतिक योजनाका लागि छुट्याइएको ५ प्रतिशत बजेटबाट दिर्घकालिन प्रभाव दिने खालका अध्ययन अनुसन्धान गर्नु पर्ने प्रकृतिका आयोजनाहरु प्रस्ताव गरिएका छन जस अन्तर्गत टी.सी.एन.क्षेत्रको वृहत गुरुयोजना तर्जुमा, हेटौडामा क्षेत्रीय बिश्वबिद्यालय स्थापना सम्बन्धी वस्तुस्थिति बिश्लेषण सहितको संभाव्यता अध्ययन जस्ता आयोजना तथा कार्यक्रमहरु प्रस्तावित गरिएका छन । वासुदेव सभागृह, वहृत कृषि उपज बजार केन्द्र, वसपार्क क्षेत्रमा व्यवसायिक

भवन तथा पशुवधस्थल, तरकारी तथा फलफुलको थोक बजार केन्द्र जस्ता आयोजनाहरु सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नीजी तथा संस्थागत क्षेत्रको लगानी प्रर्वद्धनका लागि पहल गर्ने प्रस्ताव गरिएको छ ।

यसै गरी वासुदेव सभागृह, गौरीटारमा क्षेत्रीय रंगशाला, राप्ती नदी तटवन्ध, क्षेत्रीय वस टर्मिनल, वृहत्तर चक्रपथ, क्षत्रीय कृषि बजार प्रर्वद्धन केन्द्र, चौकिटोल राप्तीखोला हुदै रातोमाटे निस्कने वाइपास सडक, चुरे संरक्षण, कर्रा पुललाई पक्कि बनाउने, कुष्माण्ड सरोवर त्रिवेणीधाम, शहीद स्मृतिपार्क वस्तीपुर, औद्योगिक क्षेत्र बिस्तार, पदमपोखरी तथा हटिया क्षेत्रमा एकिकृत जग्गा बिकास कार्यक्रम, हर्नामाडी, चुरीयामाई तथा पदमपोखरी क्षेत्रमा वृहत खानेपानी आयोजना, स्थानीय खेल मैदान, जुरेथुम पर्यटकीय पार्क, गुम्वाडांडा मूति संग्राहलय तथा पार्क, गोरक्षेश्वर ताल क्षेत्रको एकिकृत बिकास, वस्तीपुर तीन ताप्के रमनटार जोड्ने राप्तीखोलामा पक्कि पुल, चारघरे रमनटार सडक स्तरवृद्धि, गुरौविर्तामा वृहत मूमिगत खानेपानी आयोजना, नवलपुर र गुरौविर्ता आलदमार जोड्ने पक्किपुलको सर्वे डिजाइन, चक्रपथको रातोमाटे पूर्वको खण्ड सर्वे तथा डिजाइन, भोर्ले डांडामा भ्यूटावरको सम्भाव्यता अध्ययन, कान्तिलोकपथ चिसापानी शक्तिखोला डम्वरपुर हुदै निजगढ जोड्ने सडक, चिसापानी चुच्चेखोला जोड्न कर्राखोलामा पक्किपुल जस्ता दुरगामी प्रभाव दिने आयोजनाहरु जिल्ला परिषद मार्फत राष्टिय योजनामा समावेश गर्नको लागि सिफारिस गर्ने प्रस्ताव गरिएको छ ।

यसै गरी फायरलाईन सडक, मनकामना सडक, चुच्चेखोला वारुते सडक, कर्राखोला तटवन्धन, नवलपुर सरिखेत सडक, राप्तीपुल भैरवडांडा सडकको वांकी खण्ड, भैरवरोड स्तरीकरण लगायत वडाभेलाबाट जिल्लास्तरीय योजनामा समावेसका लागि प्रस्ताव भएका आयोजना तथा कार्यक्रमहरु इलाकाभेला मार्फत जिल्लास्तरीय कार्यक्रममा समावेश गर्न आगामी जिल्ला परिषद समक्ष सिफारिस गर्ने प्रस्ताव गरेको छु ।

**आदरणीय महानुभावहरु**

अन्त्यमा, आजको यस गरिमामय कार्यक्रममा उपमहानगरपालिकाको तर्फबाट प्रस्तुत गरिएको नीति, कार्यक्रम तथा बिनियोजित श्रोतबाट वृहत्तर हेटौडाको दिर्घकालिन लक्ष्य अनुरुपको हेटौंडा उपमहानगरको आधारभूत तथा रणनीतिक भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने बिश्वास लिएको छु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनको लागि राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी, गैरसरकारी निकाय एवं निजी संघसंस्था, पेशागतग संघ संगठन, संचारकर्मी, दातृ निकायहरु, सहकर्मी कर्मचारी मित्र सबैबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु । साथै नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य राय सल्लाह सुझाव उपलब्ध गराई सहयोग पु-याउनु हुने राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी, गैरसरकारी निकाय एवं संघसंस्था, पेशागतग संघ संगठन, संचारकर्मी, कर्मचारी लगायत सम्पूर्ण महानुभावहरु तथा निकायहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

मिति : २०७२ पौष २४ गते शुक्रवार ।